# नीलो फूलको कलिलो मृत्यु

राज कुमार बानियाँ

सडकका छेउछाउ नीलाम्मे छन् । शिरीशका फूलमा लुकेको अज्ञात सौन्दर्य हेरेर म अघाउन्न । फेरि तिनै नीलाम्मे फूल वैलिएर झर्छन् । भ्रमरको एक ओठ चुम्बनको आघात होस् वा हुरीबतासको कालो झोक्का । जवान रूख छाडेर भुइँमा झर्छन् शिरीशका फूल । म सोच्छु नीलो जीवन कति छोटो, कति मीठो र कति रमाइलो ।

सहरमा पत्रकार पुष्कर थापाको चर्चा अझै थामिएको छैन । के असामयिक मृत्युको परिणाम हो त यो ? यो अविरल चर्चाको खास संकेत म बुझ्दिन । चर्चा शताब्दी गुजारेर पनि जीवनको परिधि नाघ्न नसक्नेको होइन, आधा दशकमात्र पत्रकारिता अनुभव बटुल्ने एउटा तन्नेरीको हो । एकतीसवटा वसन्त ऋतु कति छोटो ? कति जीवनमय ? झर्कोलाग्दो बुढ्यौलीबिना, कालजयी सपनाबिना उसले आभासहीन महानिद्राको बेमोज बाटो समात्यो । पुष्कर असाधारण नाम होइन । उसको चामत्कारिक चिनारी पनि थिएन । संयोग के भने साधारण भएर पनि उसको चर्चाले कफीसप भरिएको छ । सडकको कोठामा बेफुर्सद छ । रिपोर्टिङको कुनो अदालत वा प्रशासन भए पनि राजनीतिक दल, सिनेमा, खेलकुद, विज्ञानप्रविधिमा छाएको छ पुष्कर । किन त ? यो काँडे प्रश्नको सायद कुनै जवाफ छैन ।

चर्चाको त्यो पात्रसँग म असम्बन्धित छैन । साढे तीन वर्ष मेरो सहकर्मी रह्यो पुष्कर । त्यो साइनोले मलाई शब्दको कोलाजमा सामेल हुन सहयोग पुग्यो । संस्मरण नै लेख्नका लागि उल्लेख्य घटना वा सम्झना मसँग छैनन् । यौटा सामान्य मानिसले के संग्रह गर्ने ? के उब्जनी हुन्छ, र के खर्च हुन्छ ? मात्र दुर्भाग्यको सहभागी हुन्छु र बिर्सन्छु । सामान्य कुरा दिमागमा राख्नुको औचित्य म देख्दिन । मैले सम्झने भनेको असामान्य कुरामात्र हो । मलाई थाहा छ, पुष्कर आफ्नो काममा निरन्तर क्रियाशील साधारण पत्रकार थियो । नित्सेवादीहरुलाई एउटा खुला पाठ के हो, भने निरन्तरताको पनि गणना हुन सक्छ । गणनालाई नै उपलब्धि मान्ने हो भने आत्महत्या गर्नु पर्दैन ।

अन्तर्मुखी स्वभावका कारण हत्पति मेरो कुनै साथी बन्दैन । मसँग पहिले पुष्करले नै परिचय गरेको हो । पहिलो परिचय नै उसले अन्तरंग हिसाबमा गरेको थियो । उमेरले मभन्दा जेठो हो तर मलाई दाइ भन्थ्यो । म दाइ सम्बोधन एउटा थेगोका रुपमा मात्र लिन्छु किनभने पुष्करको दाजु हुने गुण र गरिमा मसँग केही पनि छैन । स्पेसटाइम दैनिकको कार्यालयमा मलाई दाइ भन्ने सहकर्मी अरु पनि छन् । म विचार गर्छु, दाजु त तिनीहरु हुन्, जसले छोटो अवधिमा कमाएको प्रसिद्धि र अनुभव प्रशंसायोग्य छ । यसो हुनुको यौटा कारण म समाचार सम्पादनमा मात्र संलग्न हुनु पनि होला । पत्रकारको भीडमा म आफूलाई सदैव असंलग्न देख्छु । हो, म असली पत्रकार होइन ।

कार्यालयमा कहिलेकाहीँ पुष्कर राति अबेरसम्म बस्थ्यो । उसको मोटरसाइकलपछाडि बसेर म कैयौंचोटि घर पुगेको छु । यद्यपि उसको रुटमा मेरो बसाइ थिएन । ऊ केही महत्वांकाक्षी सपना सुनाउँथ्यो । म कहिलेकाहीँ एंकर थापा भनेर जिस्काउँथे पनि । ऊ डेस्कको चाकरी गर्नुपर्छ भनेर श्यामव्यंग्य पस्कन्थ्यो । अदालतसम्बन्धी समाचार त्रुटिरहित होस् भन्ने उसको चाहनालाई म सधैं सम्मान गर्छु । पुष्कर त्यस्तो पत्रकार थियो, जो समाचारशून्य कहिल्यै रहेन । कम्प्युटरमा उसका समाचार सधैं जगेडा हुन्थे । प्रमुख संवाददाता, समाचार संयोजक वा रात्रिडेस्क प्रमुखको आलमारीमा अझै उसका अप्रकाशित समाचार हुन सक्छन् ।

सम्झन्छु, हाम्रा कतिपय सहकर्मी समाचार शीर्षकदेखि ब्रेकरसम्म आफैं छनोट गर्छन् । पुष्करले आफ्नो समाचारमा शीर्षकको अपेक्षा सदैव हामीबाटै गऱ्यो । भाषाको खास समस्या उसमा थिएन । छरितो वाक्यविन्यासप्रति एकदमै अनुदार छ न्यायालय । पानीकागजभरि एउटै पूर्णविराम भेटिँदैन । फैसलाको अर्थ नै पाँचवटा लाग्छन् । सामान्य मानिसको बुताले अर्थको तहमा पुग्न सकिन्न । मितव्ययी वाक्यरचनामा अदालत अझै गम्भीर छैन । अदालती मिसिललाई उसले सकभर लम्बेतान बनाएन । अर्को कुरा, भाषाभन्दा पनि समाचार संकलनमा पोख्त थियो पुष्कर । स्रोतसम्म पुग्न उसले गरेको कसरतको म अनुमानमात्र गर्न सक्छु । सडकमा पैदल हिँड्दा म विभिन्न तर्कनामा हुन्छु । मोटरगाडीको आकस्मिक चर्को हर्नले म कायल हुन्छु । पुष्करको निधन सडक दुर्घटनाबाट भएको हो । ऊ प्रतिबद्ध पत्रकार थियो । मोटरसाइकल हाँक्ने क्रममा

समाचारका अवयव मिलाउने आँधिबेरीले पनि उसलाई घेर्दो हो । आमुख, पेटबोली र स्रोतको विन्यास । सुनेअनुसार विकसित मुलुकका पत्रकार प्राय मोटर साइकल चलाउँदैनन् पनि ।

वैशाख १३ गते आइतबारको पूर्वार्द्ध म आर्यघाटबाट फर्केको छु । मलाई लाग्छ, पहिलोपटक म आफ्नो मृत्यु हेरेर फर्केको छु । सिलसिलाहीन इन्द्रेनी अविचार साथ लागेपछि मैले मृत्युलाई निसंकोच माफी दिएको छु । इन्द्रेनीका सात रंग होइन, अनेक रंग आइरहेका छन् । सम्भिmरहें रामनाम, फूल, अबीर, अखबार, दाउरा अनि खरानी । मेरा लागि यो शून्य समय हो । म पत्नी र छोरा कमरेडसित मौन छु । र, मौन छु, एउटा भिजिटर सत्यसित । मृत्यु जीवनको एकमात्र सत्य हो । म मौन छु त्यही मृत्युसित । मृत्युसित मेरो कुनै गुनासो छैन । मृत्यु त जन्मसिद्ध प्रक्रिया हो । यसबाट कसै गरे पनि मुक्ति छैन । हो, अल्पायुमा पुष्करको मृत्यु भयो तर उसले गर्न बाँकी के थियो भन्ने प्रश्न कसैले गर्‍यो भने म अल्मलिन्छु । के थियो ? अहँ केही थियो जस्तो लाग्दैन । सायद उसको अविराम गतिले यस्तो लागेको होला ।

अहिले चोट आलो छ । समयको घाउ समयले नै पुर्छ । समयको स्वभाव नै यस्तै हो । मानिस चोटमा विरक्तिन्छ । र, सम्हालिन्छ पनि । नसम्हालिने हो भने जीवन असामान्य हुन थाल्छ । पुष्करले यति छोटै जीवनमा आफ्नो संसार रचना गरिसकेको रहेछ । तीन कलिला बालिकाले पत्रकार बाबु गुमाएका छन् । पत्नीले पत्रकार पति गुमाएकी छन् । बाबुआमाले पत्रकार छोरा गुमाएका छन् । सबैले एकैजनालाई गुमाएका हुन् तर गुमाउनुको अनुभूति भिन्न भिन्न छन् । ती छोरी, पत्नी र बाबुआमाको गहिरो चोटले म मर्माहत छु । मर्माहत हुनु नै संवेदनाको धर्म हो ।